अजिरकोट गाउँपालिका
**Ajirkot Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office of The Rural Municipal Executive**
भच्चेक, गोरखा
Bhachchek, Gorkha
गण्डकी प्रदेश नेपाल
(Gandaki Province)

प.सं.(Ref. No.) : २०८०/०८१
च.नं.(Disp. No. ):

मिति :२०८०।०४।३०

**विषय : आयोजना/कार्यान्वयन तालिका सम्बन्धमा ।**

**श्री विषयगत शाखाहरु (सबै), अजिरकोट गाउँ कार्यपालिकाको कार्यालय, गोरखा ।**
**श्री वडा कार्यालयहरु (सबै), अजिरकोट गाउँपालिका, गोरखा ।**
**श्री उपभोक्ता समितिहरु (सबै), अजिरकोट गाउँपालिका, गोरखा ।**

प्रस्तुत विषयमा अजिरकोट गाउँपालिकाको आ.व. २०८०/०८१ को आयोजना कार्यान्वयन तालिका तपसिल बमोजिमको कार्ययोजना स्विीकृत भएकाले सो बमोजिम कार्यान्वयन गर्नहुन/गराउनहुन अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८० श्रावन २६ गतेको १०४ औं बैठकको निर्णयानुसार अनुरोध छ ।

तपसिल
(मौसम अनुकुल कार्यान्वयन गर्नुपर्ने वा प्राविधिकको सल्लाह अनुरुप कार्यान्वयनको समय तोकिने वा विशेष परिस्थितिमा आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने बाहेक )

**क) सम्झौता सम्बन्धमा**

- आ.व. २०८०/०८१ को नीति कार्यक्रममा आयोजना /कार्यक्रम (स्थानसहित) छनौट भएकाको हकमा सम्झौता गर्ने अन्तिम म्याद - २०८० कार्तिक मसान्त
- आ.व. २०८०/०८१ को नीति कार्यक्रममा आयोजना /कार्यक्रम समावेश तथा कार्यपालिका निर्णयमार्फात स्थल छनौट गर्नुपर्ने र १४ औं गाउँसभाबाट स्वीकृत आयोजना/कार्यक्रमहरुको हकमा सम्झौता गर्ने अन्तिम म्याद - निर्णय भएको १ महिना भित्र

**ख) कार्यावधि सम्बन्धमा** (२०८१ ज्येष्ठ १५ गतेसम्म समयावधि उपलब्ध भएसम्म)

- रु ३ लाख सम्म - २ महिना
- रु ४ लाख देखि ५ लाखसम्म - ३ महिना
- रु ५ लाख भन्दा माथि - ४ महिना

सम्झौतामा उल्लिखित समयावधिमा कार्यसम्पन्न हुन नसकेमा सम्बन्धित उ.स. को म्याद थप निवेदन, प्राविधिक शाखा र वडा कार्यालयको सिफारिसमा गाउँकार्यपालिकाको कार्यालयलेले म्याद थप्न उपयुक्त ठानेमा म्याद थप गर्न सक्नेछ । तर म्याद थपको निवेदन दिँदा उचित कारण सहित म्याद सकिन भन्दा अगावै रितपूर्वक निवेदन पेश गर्नुपर्ने छ ।

**ग) अभिमुखीकरण तथा समिक्षा सम्बन्धमा**

- मिति २०८० अश्विन महिनाभित्र उपभोक्ता समिति गठन तथा वडास्तरिय अभिमुखीकरण गर्ने ।
- मिति २०८० माघ महिनाभित्र आयोजना कार्यान्वयन समिक्षा बैठक संचालन गर्ने ।
- हिउँदे सभा (१४ औं गाउँसभा) को १ महिनाभित्र पुराना उपभोक्ता समिति र नयाँ उपभोक्ता समितिलाई लाई पुन: ताजगी अभिमुखीकरण गर्ने ।

प.सं.(Ref. No.) : २०८०/०८१
च.नं.(Disp. No. ):

घ) कर तथा कागजात सम्बन्धमा

- अजिरकोट गाउँपालिकाद्वारा विनियोजित बजेट अन्तर्गत उपभोक्त समितिमार्फत कार्यान्वयन गर्दा स्थानीय दहत्तर बहत्तर उपयोग गर्दा सवारी साधन प्रयोग नै नगरि कार्यान्वयन हुने आयोजनाहरुमा प्रयोग भएका स्थानीय ढुङ्गा गिटी तथा बालुवा एवं. दहत्तर बहत्तरको राजश्व पूर्ण रुपमा छुट गर्ने (आ.व. २०८०।०८१ को नीति कार्यक्रमको बुँदा नं. ५६ बमोजिम)
- अजिरकोट गाउँपालिकाद्वारा विनियोजित बजेट अन्तर्गत स्थानीय दहत्तर बहत्तर उपयोग गर्दा आंशिक वा पूर्ण रुपमा सवारी साधन प्रयोग गरी कार्यान्वयन हुने आयोजना तथा संघ र प्रदेशका सम्पूर्ण आयोजनाहरुको हकमा प्रयोग भएका स्थानीय ढुङ्गा गिटी तथा बालुवा एवं. दहत्तर बहत्तरको राजश्व प्राविधिक मूल्याङ्कनमा देखिने मात्रा बमोजिमको राजश्व अनिवार्य लाग्ने ।
- नदीका घाट तथा दहत्तर बहत्तरका श्रोतमा आवश्यकता अनुसार गाउँ कार्यपालिकाको कार्यालयसँग सम्झौता गरी राजश्वको रसिद, राजश्व दाखिला भौचर र प्रोत्साहन रकम रितपूर्वक भुक्तानी माग गर्ने व्यक्तिलाई मात्र दाखिला रकमको २० प्रतिशत राजश्व प्रोत्साहन रकम उपलब्ध गर्ने ।
- आयोजनाको अन्तिम भुक्तानी माग्न आउने उ.स. को सवारी तथा मेशिनरी प्रयोगको नविकरण भएको लाइसेन्स तथा ब्लुबुक मात्र स्वीकार गर्ने । ( सवारी सम्झौतामा लाइसेन्स तथा बिलबुकमा प्रष्ट नाम देखिने व्यक्तिसँग सम्झौता भएको हुनुपर्ने ।

२०८०/०८/३०

(नवराज अवस्थी)
प्रमुख प्रशासकीय अधिकृत

**नवराज अवस्थी**
प्रमुख प्रशासकीय अधिकृत